नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

गो.न. ६६२
०८/०९/०४

## प्रदेश र स्थानीय तहमा आ.व. २०७९/८० का लागि संघीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७८/०८/२४)

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम प्रदेश र स्थानीय तहबाट आ.व. २०७९/८० मा संघीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्तावसहित विवरणहरु तयार गरी २०७८ पौष मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यससम्बन्धी विद्युतीय (अनलाइन) प्रणालीमार्फत मात्र माग गर्न सबै प्रदेश तथा स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेशको हकमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त, आवश्यक कागजात, सूचना तथा फाईलहरु आयोगको वेबसाईट www.npc.gov.np मा उपलब्ध छन्। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा आयोगको टेलिफोन नं.: ०१-४२१११३ (समपूरक अनुदान) तथा ०१-४२१११२४ (विशेष अनुदान) र इमेल मार्फत समपूरक अनुदानको लागि cgrant@npc.gov.np तथा विशेष अनुदानको लागि sgrant@npc.gov.np मा सम्पर्क गर्न सकिनेछ।

आयोजना तथा कार्यक्रम प्रस्ताव अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रक्रिया यसप्रकार रहेको छः

१. प्रदेशका लागि लग-इन गर्ने विवरणहरु आयोगबाट यस अगाडि नै उपलब्ध गराईसकिएको छ। यस सम्बन्धी वेबसाइट www.csgrants.gov.np मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु भरी पठाउने।

२. स्थानीय तहको लागि लग-इन गर्ने विवरणहरु आयोगबाट यस अगाडि नै उपलब्ध गराईसकिएको छ। यस सम्बन्धी वेबसाइट www.csgrants.gov.np मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु भरी पठाउने।